बैठक संख्या -७

आज मिति २०८१ साल माघ २५ गतेका दिन यस साबेला गाउँपालिकाको अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी उपस्थित बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो।

उपस्थित :-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२. गाउँपालिका उपाध्यक्ष श्री विदिका राई
३. १ नं. वडा अध्यक्ष श्री हेमन राई
४. २ नं. वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५. ३ नं. वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. ४ नं. वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल
७. ५ नं. वडा अध्यक्ष श्री जीवन क्षेत्री
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई
९. —"— —"— श्री सुजना वि.क.
१०. —"— —"— श्री भगवती वि.क.
११. —"— —"— श्री सर्मिला कट्टेल
१२. —"— —"— श्री दिपक सुनार
१३. —"— —"— श्री नर बहादुर दर्जी
१४. सदस्य सचिव नि. प्र.प्र.अ. श्री दुर्गा बहादुर राई

आमन्त्रित सदस्यहरु:

१. MIS operator श्री डिल्लीमान राई
२. सूचना प्रविधि अधिकृत श्री सोनी राई
३. लेखापाल श्री उत्तम आचार्य

सहयोगी कर्मचारीहरु:-

१. नरेन्द्रराज भुजेल
२. उम्बर कुमारी सुनुवार
३. राजन खड्का

प्रस्ताव तथा कार्यसूचीहरु:-

१. गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) सम्बन्धमा।
२. निर्माणाधिन प्रशासकीय भवनको प्रगति सम्बन्धमा।
३. (क) प्रशासकीय भवनको दोस्रो पटक variation overhead गर्ने सम्बन्धमा
(ख) ठेकेदारको म्याद थप सम्बन्धमा।

३. आ.व. २०८१/०८२ को कृषी तथा पशुपंछीजन्य उत्पादन तथा कृषि रसायनीको दररेट सम्बन्धमा ।

४. कार्यविधिको मस्यौदा सम्बन्धमा ;

(क) साकेला गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समूहको बीउपूँजी सञ्चालन तथा परिचालन कार्यविधि, २०८१ सम्बन्धमा ।

५. विविध

(क) जलविद्युत आयोजनाको नाममा खरिद हुने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा हुने छुट रकमको सिफारिस सम्बन्धमा ।

(ख) संघीय विकास बजेट आ.व.२०८१/०८२ को कार्यक्रममा समावेश गर्ने सम्बन्धमा ।

(ग) साकेला गाउँपालिकाको नगद प्रहरी सम्बन्धमा ।

(घ) जग्गा प्राप्ति सम्बन्धमा ।

## निर्णयहरु :-

प्रस्ताव नम्बर १ माथी छलफल गर्दा साकेला गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को लागि यस कार्यालयद्वारा आ.व.२०८०/०८१ मा आर्थिक, सामाजिक, भौतिक क्षेत्रलाई समेटेर सम्पादन गरिएका र विषयगत शाखाहरुद्वारा गरिएका कामकारवाही तथा कृयाकलापहरुलाई उपलब्ध भएको सिस्टममा प्रविष्ट गर्ने र स्वमूल्याङ्कनका लागि माथिल्लो निकायमा पठाउने गरी अनुमोदन सँगै बहुमतद्वारा पारित गरियो ।

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा साकेला गाउँपालिकामा निर्माणाधिन प्रशासकीय भवनको ८६ प्रतिशत काम सम्पन्न भइसकेको अवस्थामा निर्माण कम्पनी मल्लरानी सजाब जे.भी.द्वारा मिति २०८१/०३/२० मा सम्पन्न गर्ने गरी दोस्रो पटक थप भएको म्याद समेत समाप्त भएकोमा निर्माण कम्पनीद्वारा पुनः म्याद थपको माग राखी पेश भएको निवेदन उपर छलफल हुँदा आगामी २०८२ असार मसान्त सम्मको लागि उक्त प्रशासकीय भवन निर्माण सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो । साथै निर्माणाधिन प्रशासकीय भवनको माथिल्लो पट्टी (छतमा) वर्षाको कारण पानी रोकिई क्षति हुने देखिएकाले पुनः उक्त भवनको स्टिमेटमा variation overhead गरी

माथिल्लो क्षेत्रमा ७.४४लाख बराबरको मोहिनरी पर्वाल लगाउने कार्य भईरहेको हुँदा माथी कार्यसूचीमा उल्लेख भएको ८० गर्ने र म्याद थप गर्ने कार्य बहुमतद्वारा पास भएको निर्णय गर्दै आगामी गाउँसभामा पेश गर्ने सर्वसहमतीले निर्णय पारित गरियो ।

प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को कृषी तथा पशुपंक्षीजन्य उत्पादन तथा कृषी सामग्रीको दररेट निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा यस गाउँपालिका स्थित कृषी तथा पशुपंक्षी विकास शाखाद्वारा तयार गरिएको दररेटको अनुसूची -१ मा उल्लेख भए बमोजिम हुने बहुमतद्वारा निर्णय पारित गरियो ।

प्रस्ताव नम्बर ४ को कार्यविधिको मस्यौदा सम्बन्धमा छलफल हुँदा, साकेला गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०८१, बैठकमा प्रस्तुत हुँदा उक्त कार्यविधि बहुमतद्वारा पास गर्ने निर्णय गरियो ।

प्रस्ताव नम्बर ४ को (ख) माथी छलफल गर्दा यस साकेला गाउँपालिकामा साकेला गाउँपालिका, समाजिक विकास मन्त्रालय र कोशी काउंसलको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना र पहिचानको कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको पाँचवटै वडाहरुमा गठन भएको मिलिजुली समूहको बीउपूँजी सञ्चालन र परिचालन गर्न तयार गरिएको कार्यविधि, २०८१लाई बहुमतद्वारा पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नम्बर ५ को विविधको (क) माथी छलफल गर्दा जलविद्युत आयोजना कै नाममा खरिद हुने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुट हुने व्यवस्था बमोजिम श्री एसजेभिएन अरुण ३ पावर डेभलपमेण्ट कम्पनी प्रा० लि० द्वारा यस गाउँपालिका क्षेत्र हुँदै प्रशारण हुने ४०० केभी हाइटेन्सन लाइनबाट प्रभावित हुने घरजग्गाहरु उक्त प्रा०लि०को नाममा रजिष्ट्रेसन गर्ने प्रयोजनका लागि उक्त प्रा०लि० को निवेदन उपर छलफल हुँदा तोकिए बमोजिम रजिष्ट्रेसन शुल्क छुटका लागि श्री मालपोत कार्यालय खोटाङलाई सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नम्बर ५ को विविधको (ख) माथी छलफल गर्दा तपशिल बमोजिमको संघीय विकास बजेट आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

तपशिल

एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम - ६१,३३,०००/-
स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम - १,१०,००,०००/-
घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र - ५०,०००/-

प्रस्ताव नम्बर ५ को विविधको (ग) माथी छलफल गर्दा साकेला गाउँपालिकाको सम्पत्ती सुरक्षा, राजश्व संकलन र सरसफाईको क्षेत्रलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ साकेला गाउँपालिकामा व्यवस्थापन गर्नलागिको साकेला गाउँपालिकाको नगर प्रहरीको अस्थायी दरबन्दी तपशिल बमोजिम सृजना गर्ने निर्णय गरियो ।

तपशिल :-

असई - १ (एक)
हवल्दार - १ (एक)
प्रहरी जवान - ३ (तीन)

प्रस्ताव नम्बर ५ को विविधको (घ) माथी छलफल गर्दा साकेला गाउँपालिका वडा नं. ५ साविक मातिम गा.वि.स. वडा नं. २ बस्ने धनबहादुरको बुहारी तारानाथकी श्रीमती नरमदा देवी ढकालको नाममा मालपोत कार्यालय खोटाङमा दर्ता कायम रहेको कि.नं. ३८६ को क्षेत्रफल १२-६-३-० मध्ये १-६-०-० जग्गा साकेला गाउँपालिका-५ स्थित श्री सरस्वती माध्यमिक विद्यालयको भवन निर्माणकालागि निशुल्क रुपमा उपलब्ध गराउनु भएको हुँदा सो जग्गा प्राप्तीको लागी आवश्यक प्रकृया अघि बढाउने निर्णयका साथ बैठकका अध्यक्ष श्री रवि प्रकाश राईज्यूबाट आजको बैठक यहीं समापन गर्ने निर्णय गरियो ।